# राप्ती नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
हर्दी, भण्डारा, चितवन
बागमती प्रदेश, नेपाल
२०७३

प.सं. ०७७।०७८
च.नं. ३८०४

मिति: ०७८।०२।१८

श्री सामुदायिक विद्यालय सबै
राप्ती नगरपालिका
भण्डारा चितवन।

बिषय: कार्यान्वयन गर्ने सम्बन्धमा।

प्रस्तुत विषयका सम्बन्धमा राप्ती नगरपालिका अन्तर्गतका सबै सामुदायिक विद्यालयहरुले तपसिल बमोजिमका कार्यक्रमको कार्यान्वयन तपसिल बमोजिम गर्नुगराउनु हुन अनुरोध छ।

शम्भुप्रसाद पौडेल
नगर शिक्षा अधिकारी

तपसिल:

१. वालबिकास देखि कक्षा पाँच सम्मका सबै वालवालिकाहरुको लागि दिवाखाजा वापत पहिलो चरणको निकासा भइसकेको र विद्यालयहरुबाट प्राप्त २०७७ फाल्गुण सम्मको विवरण तथा भर्पाइ अनुसार केहि विद्यालयहरुमा रकम वचत भएको देखिन आएको हुदा दोस्रो चरणको निकासा गर्नको लागि विद्यालय खुलेर दिवा खाजा खुवाएको दिन (चैत्र १ देखि बैसाख १३ गते सम्म )को खर्चको विवरण तथा विल भरपाई २०७८ जेठ मसान्त सम्ममा शिक्षा युवा तथा खेलकुद शाखामा पेस गर्ने ।

२. नयाँ शैक्षिक सत्र २०७८ मा भर्ना भई अध्ययन गर्ने विद्यार्थीहरुलाइ वितरण गर्ने प्रयोजनका लागि हालको निशेधाज्ञा लागु हुनुभन्दा केही दिन अगाडि छात्रबृति रकम निकासा गरिएको हुदा कोरोना भाइरस (कोभिड-१९) संक्रमणबाट शैक्षिक सत्रमा भएको अनिश्चितताका कारण हाल उक्त छात्रबृत्ति रकम बितरण नगर्ने नगराउने, शैक्षिक सत्र २०७८ को नियमित विद्यार्थी भर्ना भएपछि मात्र उक्त छात्रबृत्ति बितरण गर्ने गराउने र सो को भर्पाइ शिक्षा युवा तथा खेलकुद शाखामा पेश गर्ने।

३. महिनावारी हुने उमेर समुहका छात्राहरुलाई आवस्यक पर्ने सेनेटरी प्याड कक्षा ६ भन्दा माथि सन्चालित विद्यालयहरुमा उपलब्ध भइ सकेको हुदा विद्यालयबाट सेनेटरी प्याड (बितरण तथा ब्यबस्थापन) कार्यविधि २०७६ ले निर्दिष्ट गरे बमोजिमको सम्पर्क ब्यक्ति तोकि विद्यालय नियमित सञ्चालनमा आएपश्चात प्याड वितरण गरेको अभिलेख चुस्तदुरुस्त राख्ने र सो को विवरण कार्यालयमा पेश गर्ने । साथै कक्षा ५ सम्म मात्र सञ्चालित विद्यालयहरुमा पनि महिनाबारी हुने उमेर समुहका छात्राहरुलाई सेनेटरी प्याड आवस्यक हुने भएमा शिक्षा युवा तथा खेलकुद शाखामा सम्पर्क गर्ने ।

४. बैकल्पिक माध्यमबाट सिकाई सहजिकरणका लागि शैक्षिक कार्यक्रम अन्तर्गत शिक्षक तथा विद्यार्थिहरुलाई CUG सेवामा आवद्ध गर्न कक्षा ४ देखि कक्षा १२ सम्मका विद्यार्थी संख्याको आधारमाप्रति विद्यार्थि रु ३७५ का दरले र आधारभूत विद्यालयहरुलाइ समेत इन्टरनेट सुविधा उपलब्ध गराउने प्रयोजनका लागि रु १२००० का दरले विद्यालय खातामा रकम निकासा गरिएको हुँदा तोकिएको कार्यको लागि मात्र खर्च गर्ने र सो को प्रगति प्रतिवेदन शिक्षा युवा तथा खेलकुद शाखामा पेश गर्नुहुन अनुरोध छ।

Scanned with CamScanner